# भाग ५

## नेपाल सरकार
## गृह मन्त्रालयको
## सूचना

नेपाल सरकारले प्रदेश सरकारले घोषणा गरेका सार्वजनिक बिदाहरुमा नेपाल सरकार अन्तर्गतका कार्यालयमा समेत बिदा दिने सम्बन्धमा देहाय बमोजिमको निर्णय गरेको हुँदा यो सूचना प्रकाशन गरिएको छः-

(क) नेपाल सरकारले निर्णय गरी तोकेका सार्वजनिक बिदाका अतिरिक्त प्रदेश सरकारहरुले आ-आफ्नो प्रदेशमा प्रचलित धर्म, संस्कृति र रितिस्थिति समेतलाई दृष्टिगत गरी घोषणा गरेका वर्षको बढीमा ६ दिन सम्मको सार्वजनिक बिदामा सम्बन्धित प्रदेशमा रहेका नेपाल सरकारका कार्यालयहरुमा समेत सार्वजनिक बिदा गर्ने,

(ख) प्रदेश सरकारहरुले आ-आफ्नो प्रदेशभरि लागू हुने गरी ६ दिन भन्दा बढी सार्वजनिक बिदा घोषणा गरेमा नेपाल सरकार, गृह मन्त्रालयको निर्णयानुसार हुने,

(ग) खण्ड (क) बमोजिमको बिदा काठमाडौं उपत्यकाका तीन जिल्लाहरुमा रहेका नेपाल सरकारका कार्यालयहरुको हकमा नेपाल सरकार, गृह मन्त्रालयले निर्णय गरे बमोजिम हुने,

(घ) प्रदेश सरकारले घोषणा गरेका खण्ड (क) बमोजिमका बिदाहरु वर्षको शुरु मै निर्णय गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने व्यवस्था गर्ने ।

आज्ञाले,
प्रेम कुमार राई
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ६०।-
गो.हु.द.नं. १६।२०६२।६३